**बैठक नं. १५** (बैठक संख्या ९०)

आज मिति २०८२/१२/२७ गते बिहान ८:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैहे | |
| | | | |
| | | | |

**बैठक नं. १५** **मिति: २०८२/१२/२७** **(बैठक संख्या ९०)**

**निर्णय नं १**

**प्राप्त पत्र बारे जानकारी तथा समिक्षा सम्बन्धमा:**
विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं २**

**स्थानीय शासन कार्यसम्पादन मूल्याकंनको समिक्षा प्रारम्भिक नतिजा विश्लेषण सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याकंन (LGPAS) को सम्बन्धमा स्वमूल्याकंन समन्वय समितिबाट प्राप्त सुझाव तथा प्रतिवेदन माथि छलफल गरि प्राप्त अंक ८०.१ लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**ऐतिहासिक गोरखा जितगढी पद यात्राको सम्बन्धमा:** नेपाल एकिकरणको बिजय यात्रालाई आम नागरिकको बिचमा सूसूचित गराउने साथै गोरखा जितगढी बिजयको सम्झना र सम्मान स्वरुप सुरु भएको नेपाल आर्मीको दोश्रो ऐतिहासिक गोरखा जितगढी पद यात्राको क्रममा बिभिन्न गढका सेनानीहरुको समूह यस रम्भा गाउँपालिकामा मिति २०८३ वैशाख ३ गते प्रवेश गर्ने सम्बन्धमा जानकारी गराइयो । साथै उक्त यात्रालाई भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

**लक्ष्मी नारायण धाम जाने मो बा निर्माण कार्य अघि बढाउने सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित धार्मिक क्षेत्र लक्ष्मी नारायण धाम जाने मो.बा. निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरि आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५**

**कर्मचारी पदपूर्ति सम्बन्धमा:** रम्भा गाउँपालिका र अन्तर्गतका कार्यालयमा रिक्त देहाय बमोजिमका पदमा सेवा करारमा कर्मचारी पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**तपसिल:**

| क्र सं | सेवा समूह | तह पद | |
|---|---|---|---|
| १ | कृषि/भेटेरिनरी | चौथो/ना.प.स्वा.प्रा | |
| २ | कृषि/कृषि | चौथो/ना.प्रा.स. | |
| ३ | स्वास्थ्य/क.न | चौथो/अनमी | |

**बैठक नं. १५** मिति: २०८२/१२/२७ **(बैठक संख्या ९०)**

**निर्णय नं ६**

**आर्थिक सहयोग सम्बन्धमा**: रम्भा गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय क्षेत्र रिमिघाको प्रवेशद्धारको रुपमा रहेको रम्भा गाउँपालिका वडा नं २ टिमुरडाँडामा लाङ्घाली प्रगतिशिल क्लवले नयाँ वर्षको उपलक्ष्यमा आयोजना गर्न लागेको नव वर्ष शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम, २०८३ को लागि प्राप्त प्रस्ताव स्वीकृत गरि उक्त कार्यक्रमलाई भव्यताको साथ सम्पन्न गर्दै रम्भा गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य स्वरुप रु ३०,०००(अक्षेरेपि तिस हजार) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं ७**

**नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवा निकासी सम्बन्धमा**: नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिट्टी बालुवा तथा कच्चा निर्माण सामाग्री) निकासीको लागि रम्भा गाउँपालिकाबाट तिन पटकसम्म आय ठेक्का सम्बन्धी सूचना आह्वान गरिएकोमा कुनै पनि फर्मबाट ठेक्का प्राप्तिको लागि दरभाउपत्र पेश नभएको हुदाँ रम्भा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन समेतलाई आधार मानि प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानीय स्तरका पूर्वाधार निर्माणलाई गतिशिलता प्रदान गर्नका लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,प्रदेश आर्थिक ऐन २०८२ मा तोके बमोजिमको दररेट बमोजिम हेभि इक्युपमेन्ट प्रयोग नगरी कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाई गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी संक्षिप्त वातावरणीय परीक्षण पूरा गरेका कालीगण्डकी नदी डुम्रिकुना/सँगाहाघाट रम्भा १ बाट अमानतमा नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिट्टी बालुवा तथा कच्चा निर्माण सामाग्री) निकासी कार्यलाई अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं ८**

**बंगुर प्रवर्द्धन कार्यक्रम सम्बन्धमा**: संघीय सरकारबाट प्राप्त बंगुर प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम रम्भा गाउँपालिकाभित्र स्थायी ठेगाना भएका कम्तिमा ५ वटा बंगुर पालेका दर्तावाला व्यवसायीक बंगुर पालन कृषक समूह/ फर्म तथा सहकारीहरुलाई अनुदान उपलब्ध गराइ व्यावसायिक कृषि प्रति आकर्षण बढाउने उद्देश्यले प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

**आर्थिक सहायता सम्बन्धमा**: यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

बैठक नं. १५ मिति: २०८२/१२/२७ (बैठक संख्या ९०)

तपसिलः

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | विषय | सहायता रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | विनोद पौडेल रम्भा ३ | छाति तथा मधुमेहको दिर्घ स्वास्थ्य समस्या | १०००० | गरि परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| २ | लेमन सोमै रम्भा २ | बाबु मनोज सोमै बौद्धिक अपाङ्ग तथा आमा नभएको हुदाँ निजको पढाइको निरन्तरता तथा हेरचाहको लागि | १०००० | गरिब परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ३. | रामचन्द्र गाहा रंभा- १, खोलाखेत | कामगर्ने क्रममा हातमा गहिरो चोट लागेका कारण उपचारको लागि | १०००० | गरिब परिवार सहायता/अन्य सामाजिक सुरक्षा | |
| ४ | राजेन्द्र पन्त रम्भा १ पाल्पा | मृगौला फेलियर भई डायलाइसिसको बिरामी | १०००० | कडा रोग उपचार यातायात शिर्षकबाट | |
| ५. | विष्णु मश्राङ्गी रम्भा ३ पाल्पा | मुटुको स्वास्थ्य समस्या | १०००० | कडा रोग उपचार यातायात शिर्षकबाट | |
| ६ | खेम बहादुर सारु रम्भा ३ | Brain Hemorrhage उपचारको लागि | १०००० | कडा रोग उपचार यातायात शिर्षकबाट | |
| ७ | हेमान सिं वि.क. रम्भा १ | मुखको क्यान्सर | १०००० | कडा रोग उपचार यातायात शिर्षकबाट | |

CamScanner